## अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्वन्धी प्रादेशिक सम्मेलन

## प्रदेश नं. २

## जनकपुर घोषणा-पत्र

राष्ट्रिय मानव अधिकार आयोगबाट प्रदेश नम्वर २ मा आयोजना गरेको " अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्वन्धी प्रादेशिक सम्मेलन" यही फागुन २७ र २८ गते २ नंम्वर प्रदेशको केन्द्र धनुषाको जनकपुरधाममा सम्पन्न भयो ।

यस प्रदेश स्तरीय सम्मेलनमा राष्ट्रिय मानव अधिकार आयोगको निमन्त्रणामा उपस्थित जिल्लाबाट उपस्थित महिला तथा बालबालिका कार्यालय, राष्ट्रिय अपांग महासंघ नेपालका सदस्य संस्थाका प्रतिनिधी, धनुषा स्थित बिभिन्न सरकारी कार्यालयका प्रतिनिधीहरु र राष्ट्रिय मानव अधिकार आयोग सहितका प्रतिनिधिहरुको सहभागिता र उपस्थितिमा सम्पन्न सो कार्यक्रममा हामी ७५ जना सहभागीहरु सम्मिलित अपांगता भएका ब्यक्तिहरुको मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागी निम्न १३ बुंदे घोषणापत्र जारी गर्दछौ ।

१. अपांङ्गता भएका व्यक्तिहरुको सेवा, सुबिधामा पहुँच स्थापना गर्न २ नम्वर प्रदेशमा पुनर्स्थापना केन्द्र स्थापना गर्नु पर्ने, सि.वि.आर. कार्यक्रमलाई स्थानीय तह सम्म पुऱ्याउनु पर्ने, राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रदेश नंवर २ को कार्यालय तत्काल स्थापना गरी सञ्चालन गर्नु पर्ने,

२. अपाङ्गताको बिविधतालाई सम्वोधन गर्दै आवश्यकताको पहिचान गरी अपाङ्गता लक्षित सेवा सुविधाहरु समानुपातिक रुपमा वितरण गरिनु पर्ने,

३. कानूनमा ब्यवस्था भए अनुसारको यातायातमा अपांङ्गता भएका व्यक्तिहरुका लागि प्रदान गर्दै आएको सहुलियत र सिट आरक्षण पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने,

४. सरकारी, गैर सरकारी, नीजि संघ संस्था, प्रतिष्ठान, उद्योग कलकारखानाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीको आरक्षणको व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरी रोजगारीको व्यवस्था गर्नु पर्ने त्यसै गरी करार तथा ज्यालादारीमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीको प्रत्याभूति गराई निरन्तरता दिनु पर्ने,

५. हाल भएका सरकारी कार्यालय र सवै सार्वजनिक संरचना उपयुक्त अनुकुलताको सिद्धान्तका आधारमा र नयाँ वन्ने सवै भौतिक संरचना अपाङ्गता मैत्री बनाउनु पर्ने,

६. अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र बितरण सरल र सहज तरिकाबाट बितरण गर्नु पर्ने,

७. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ मा व्यवस्था अनुसार अपाङ्गता भएका व्यक्तिहरुको प्रदेश र स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको समन्वय समिति अविलम्व गठन गरिनु पर्ने,

८. अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षाको हकमा सर्वोच्च अदालतको फैसला अनुसार सामाजिक सूरक्षाको व्यवस्था गर्नुपर्ने,

९. अपाङ्गता भएका व्यक्तिहरु र निजका सन्तानहरुलाई सामुदायिक र संस्थागत सवै शिक्षण संस्थाहरुमा निःशुल्क शिक्षाको व्यवस्था गर्न पर्ने,

१०. अपाङ्गता भएका व्यक्तिहरुको लागि सम्मानित वातावरण तयार गर्न सचेतनाको लागि जनचेतना जगाउनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरुको तथ्य तथा तथ्याङ्क संकलन गरी अध्यावधिक गर्नु पर्ने ।

११. अपाङ्गता भएका व्यक्तिहरुको सेवा सुबिधालाई पहुँच पुर्‍याउन हाल सञ्चालन हुँदै आएको सि.बि.आर. कार्यक्रम, परिचय पत्र बितरणमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा आबद्ध स्थानीय संदस्य संस्थाहरु मार्फत बितरण तथा ब्यवस्थापन गर्नु पर्ने,

१२. अपाङ्गता भएका व्यक्तिहरु, अपाङ्गता भएका महिला वालवालिका बिरुद्ध हुने सवै प्रकारका हिंसा तथा अपराधलाई रोक्न बिशेष कानून र सचेतनामूलक कार्यक्रम ल्याउनु पर्ने,

१३. राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रदेश नम्वर २ को कार्यालय तत्काल स्थापना गरी सञ्चालन गर्नु पर्ने ।